# घोराही उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# घोराही, दाङ

## मेसिनरी सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः-२०७६।०६।१४गते

यस घोराही उपमहा नगरपालिका कार्यालयका लागि मेसिनरीसामान खरिद गर्नुपरेकोले सो सम्बन्धी कार्य गर्न मान्यता प्राप्त फर्म/कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु–ः**

1. दरभाउपत्र फारम रु १०००।(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयमाखरिद गर्न सकिने छ ।
2. दरभाउपत्रफारम खरिद गर्न फर्म /कम्पनीहरुले कम्पनि रजिस्ट्रेसन प्रमाणपत्र, भ्याट/प्यान दर्ता तथा नविकरण गरेकोप्रमाणपत्र र आ. ब.२०७५।७६को कर चुक्ता प्रमाणित प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
3. दरभाउपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ । यदि केरमेट भएमाकेरमे ट भएको ठाउँमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।
4. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री नेपाल बैकलिमिटेड, घोराहीको धरौटी खाता — नं.०२७०३०००००००३००००४ मा नगदै जम्मा गरेको सक्कलभौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारि गरेको ग्यारेन्टी(विड वण्ड)संलग्न हुनु पर्ने छ । प्रस्तावकको Bid validityकम्तीमा ७५ दिनको हुनुपर्नेछ।
5. कवोल अंककोदररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ।दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमालेखिएकोलाई मान्यता दिईनेछ ।
6. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।
7. खरिद भएको दरभाउपत्र फाराम सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा सूचना प्रकाशितभएको मितिले १६ औ दिनको१२बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे यस कार्यालयम सरकारी प्रतिनिधी , फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । खोल्ने समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको सोही समयमा हुनेछ।
8. दरभाउपत्रदाताले दरभाउपत्र सँगै फर्मको Dealership Certificate र नेपालका लागि आधिकारिक विक्रेता खुल्ने National Dealership Certificate पेश गर्नुपर्नेछ ।
9. दरभाउपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालय मा निहित हुनेछ र यस उपमहानगरपालिकाको निर्देशन बमोजिम उल्लेखित सामानहरु वडा कार्यालय सम्म ढुवानी र जडान गर्ने जिम्मा आपूर्तिकर्ताको रहनेछ ।
10. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ। अन्य कुराहरु दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।
11. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सुचना घोराही उपमहानगरपालिकाको वेभसाइट www.ghorahimun.gov.npबाट समेत डाउनलोड गरी हेर्न सकिनेछ ।

| बोलपत्र नं | सामानको विवरण | ल.इ(मू अक बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| ८/२०७६/७७ | मेसिनरी सामाग्रि खरिद | १७६१५०४।४२ | ४५०००।- | |